०७८५४०१७०-५४१११६

कावासोती नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

गण्डकी प्रदेश, नेपाल

प.स ०७६/०७७ च.नं. ७६०८ मिति २०७७/०३/२२

**गाडी भाडामा दिन इच्छुक ब्यक्ति/फर्म/कम्पनीका लागि भाडा दर पेश गर्ने सम्वन्धी सार्वजनिक सूचना**

विश्वब्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस कोभिड-१९ को नियन्त्रण तथा रोकथाम गर्न देशब्यापी रुपमा चालिएका कदमहरु जस्तै यस न.पा. मा स्थायी ठेगाना भै अन्य देशबाट फर्केका नागरिकहरुलाई सुरक्षित रुपमा नगरपालिकाले ब्यवस्थापन गरेका क्वारेन्टाइन स्थल सम्म ल्याउनको लागि डबल क्याप जिप भाडामा लिनु पर्ने भएकोले सो सम्बन्धमा विपत ब्यवस्थापन समिति बाट २०७७/०३/१४ मा निर्णय समेत भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा ६६ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ को विशेष प्रावधान अनुसार सार्वजनिक सुचना प्रकाशन गरिएको छ। गाडी भाडामा दिन इच्छुक ब्यक्ति/फर्म/कम्पनीले के कति रकम भाडामा उपलब्ध गराउन सकिने हो कार्यालय बाट उपलब्ध हुने दरभाउपत्र भरी मिति २०७७/०३/२४ गते दिनको २:०० बजे भित्र कार्यालयमा स्वयम उपस्थित भई शिलबन्दी दरभाउपत्रको खाम बुझाउनुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ।

तपसिल

| क्र.स | गाडीको प्रकृति | दैनिक भाडाको लागत अनुमान (इन्धन र चालक बाहेक) | कैफियत |
|---|---|---|---|
| १ | डबल क्याप स्कारपियो/जिप | २७५०।- (कर सहित) | |

शर्तहरु:-

१. भाडादर पेश गर्दा ब्यवसाय दर्ता प्रमाण पत्र, सवारी दर्ता प्रमाण पत्र. सवारी दर्ता नविकरण प्रमाण पत्र र करचुक्ताको प्रमाण पत्रको प्रतिलिपी सहित दरभाउ पत्र फारम पेश गर्नुपर्नेछ।
२. पेश भएका शिलबन्दी दरभाउ पत्रहरु पेश गर्ने ब्यवसायीको उपस्थीतीमा मिति २०७७/०३/२४ गते दिनको ३:०० बजे न.पा कार्यालयमा खोलिनेछ। ब्यवसायी उपस्थीती नभएमा पनि शिलबन्दी भाडा दर खोल्न बाधा पर्ने छैन।
३. प्राप्त भाडा दर स्वीकृत गर्ने वा नगर्ने अधिकार नगरपालिकामा निहित हुनेछ।
४. चालकको लागि लाग्ने दैनिक तलब/भत्ता छुट्टै वा कैफियत महलमा स्पष्ट खुलाउनु पर्ने छ।
५. अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ।

(कीर्तनराज पौडेल)
प्रमुख प्रशासकीय अधिकृत

कीर्तनराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner